कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०८०/०८१
च नं:

मिति २०८०/०४/१२

## विषय विज्ञमा सूचिकृत हुन आवेदन पेश गर्ने सम्बन्धि पूनः प्रकाशित सूचना ।

प्रस्तुत विषयमा नगरशिक्षा ऐन, २०७४ को परिच्छेद ४ दफा २२ को प्रयोजनका लागि नगरशिक्षा समितिको मिति २०८०/०२/०२ गतेको निर्णयानुसार वालिङ नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत वा अवकाश प्राप्त शिक्षकहरुबाट विषय विज्ञका लागि सूचना प्रकाशन गरिएकोमा आवश्यकतानुसार निवेदन नपरेको हुँदा तपसिल बमोजिमको मापदण्डमा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र विषय विज्ञमा सूचिकृत हुन दरखास्त पेश गर्न सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

### मापदण्डहरु

**१.आधारभूत तह कक्षा (१-५):** कम्तिमा प्राथमिक तह द्धितीय श्रेणीमा स्थायी नियुक्ति लिइ शिक्षा शास्त्र संकायबाट स्नातक तह उत्तिर्ण गरेको ।
दस्तुर रकम रु. १०००/

**२.आधारभूत तह कक्षा (१-८)** सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति लिई सोही तहमा ५ वर्षको कार्य अनुभव पूरा गरी शिक्षा शास्त्र संकायबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।
दरखास्त रकम रु.१०००/

**३.माध्यमिक तह (९-१०):** सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति लिई सोही तहमा ३ वर्षको कार्य अनुभव पूरा गरी शिक्षा शास्त्र संकायबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको ।
दरखास्त रकम रु.१५००/

**४.माध्यमिक तह (११-१२):** माध्यमिक तहको द्धितीय श्रेणी वा सो भन्दा माथिल्लो तहमा स्थायी / अस्थायी / करार नियुक्ति लिई २ वर्षको शिक्षण कार्य अनुभव भएको र सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको ।
दरखास्त रकम रु. २०००/

**५.प्राविधिक धारतर्फः** सञ्चालित विद्यालयका प्रशिक्षक तथा सहायक प्रशिक्षकको हकमा विशेषज्ञका लागि १ वर्षको सेवासँग सम्बन्धित क्षेत्रमा कार्य अनुभव वा शिक्षण कार्य गरेको र सम्बन्धित प्राविधिक विषयमा स्नातकोत्तर उत्तिर्ण गरेको ।
दरखास्त रकम रु .२०००/

पूनश्चः यदि कुनै विषयमा विज्ञ सूचिकृत नभएको खण्डमा सम्बन्धित विषय र क्षेत्रबाट विज्ञ मनोनयन गर्ने अधिकार वालिङ नगरपालिकामा रहनेछ।

**( नोटः दरखास्त पेश गर्दा सम्बन्धित व्यक्तिको निवेदन, नियुक्तिपत्र , नागरिकताको प्रतिलिपि, सम्बन्धित विद्यालयको सेवा अविच्छिन्न पत्र र सबैभन्दा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुहुन ।)**

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत